# ७ यहूदी र सारा जातिहरूका (गैर-यहूदीहरू) स्वामी

***यस अध्यायका मूल पदहरू:*** मत्ती १४:१-२१, मत्ती १४:२२-३३, प्रस्थान ३:१४, यशैया २९:१३, मत्ती १५:१-२० र मत्ती १५:२१-२८।

***यस अध्यायको सम्झनुपर्ने मूल पद:*** "तिमीले जे ठिक वा उचित छ सो गरोस् भनेर तिमीलाई चुन्ने म परमप्रभु परमेश्वर हुँ। म तिम्रो हात समातेर डोऱ्याउनेछु। तिमीलाई सुरक्षित राख्नेछु। इस्राएलका मानिसहरूसँग मैले गरेको करारको कार्यान्वन तिमीले गर्नेछौ। अनि तिमी अरू राष्ट्रहरूका सामु चम्किएको ज्योति हुनेछौ।" (यशैया ४२:६ रूपान्तरित)।

येशूले मत्ती १५:२४मा स्पष्ट रूपमा भन्नुभएको थियो, "अन्त होइन तर इस्राएलको घरानामा भएका हराएका भेँडाहरूकहाँ मलाई पठाइएको हो।" (रूपान्तरित)। निःसन्देह येशू मानव अवतार लिएर आउनुभयो र इस्राएलका जनताहरूका बीचमा काम गर्नुभयो।

**तर परमेश्वरले केवल इस्रायली वा यहूदीहरूको मात्र चासो राख्नुहुन्छ भनेर पूरा बाइबलले देखाउँदछ। सारा संसारका मानिसहरूलाई इस्राएलद्वारा परमेश्वरले आशिष दिन सकियोस् भनेर उहाँले तिनीहरूलाई चुन्नुभएको थियो। " ५ परमेश्वर परमप्रभु यसो भन्नुहुन्छ– आकाश सृष्टि गरेर त्यो फैलाउनुहुने, अनि पृथ्वी र त्यसबाट उत्पन्न हुने सबैलाई फैलाउनुहुने, र त्यसमा भएका मानिसहरूलाई सास अनि त्यसमा हिँड्डुल गर्नेहरूलाई आत्मा दिनुहुनेः ६ "म, परमप्रभुले तिमीलाई मेरो धार्मिकताअनुसार अर्थात् जे ठिक वा उचित छ सो गर्नलाई मैले तिमीलाई बोलाएको छु। म तिम्रो हात समात्नेछु, र तिम्रो रक्षा गर्नेछु। तिमीले नै इस्राएलीसँग गरेको मेरो करारलाई कार्यान्वन गर्नेछौ। अनि अरू जाति वा राष्ट्रहरूको सामु चहकिलो ज्योति हुनेछौ। ७ तिमीले अन्धाहरूका आँखा खोल्नेछौ, कैदीहरूलाई कारागारबाट र अन्धकारमा बस्नेहरूलाई कैदी राख्ने तहखानाबाट निकाल्नेछौ।" (यशैया ४२:५-७ रूपान्तरित)।**

**इस्राएल र मसीह तथा येशू ख्रीष्टद्वारा परमेश्वरले सारा संसारमा आफ्नो हात फैलाउनुहुनेछ। मुक्ति पाउन आवश्यकता भएकाहरूकहाँ सरिक हुन प्रभु येशू कसरी सक्रिय हुनुभयो भनेर हामीले यस अध्यायमा अलि धेरै सिक्नेछौं।**

## १. भोकाएकाहरूलाई ख्वाउनु (मत्ती १४:१-२१)

**येशूका धेरै उल्लेखनीय आश्चर्य कामहरूमा पाँच हजारलाई ख्वाउनुभएको पनि एक हो। ती पाँच हजारमा महिला र बालबालिकाकहरूको त गिन्ति नै गरिएको थिएन (मत्ती १४:२१)। नयाँ करारमा भएका सबै कथाहरूमा पाइएका सन्देशहरू जस्तै त्यो कथामा पनि महत्त्वपूर्ण सन्देश हामी पाउँछौं। अझ येशूले के गर्नुभयो त्यस परिप्रेक्ष्यमा गहिरिएर सोचे त्यस कथाको सन्देशलाई राम्रोसँग बुझ्न सक्छौं।**

येशूले पाँच हजार मानिसहरूलाई ख्वाउनु भएको अच्चम्मको कामभन्दा पहिला के भएको थियो? त्यसले पछिको घट्नालाई कसरी प्रभाव पारेको थियो? हेर्नुहोस्ः मत्ती १४:१-२१ " १ त्यसबेला गालील प्रदेशका शासक हेरोदले येशूको कीर्ति सुने। २ तिनले आफ्ना भारदारहरूलाई भने, "उनि बप्तिस्मा-दिने यूहन्ना हुन्। उनि मृतकबाट जीवित भएका छन्। यसैकारण शक्तिमा यी कामहरू उनिद्वारा भइरहेछन्।" ३ किनभने हेरोदले आफ्नो भाइ, फिलिपकी पत्नी हेरोदियासको खातिर यूहन्नालाई पक्री बाँधेर कारागारमा हालिदिएका थिए। ४ यूहन्नाले हेरोदलाई यसो भनेका थिए, "तपाईंले तिनलाई पत्नीको रूपमा राख्नु उचित हुँदैन।" ५ यसैकारण हेरोदले उनलाई मार्ने इच्छा गरेका थिए, तर जनतादेखि तिनी डराउँथे, किनभने तिनीहरूले उनलाई अगमवक्ता ठान्थे। ६ तर जब हेरोदको जन्मदिन आयो, तब हेरोदियासकी छोरीले तिनीहरूका बीचमा नाचेर हेरोदलाई प्रसन्न तुल्याई। ७ त्यसो हुँदा तिनले त्यसलाई जे मागे पनि दिने शपथ खाएर प्रतिज्ञा गरे। ८ तर त्यसकी आमाले सिकाएकी हुनाले त्यसले भनी, "बप्तिस्मा-दिने यूहन्नाको शिर मलाई यहीँ थालमा दिनुहोस्।" ९ तब राजा शोकित भए तापनि आफ्ना शपथ र अतिथिहरूको कारण तिनले त्यसै गर्ने हुकुम दिए, १० र तिनले कारागारमा यूहन्नाको शिर काट्न लगाए। ११ अनि उनको शिर थालमा ल्याएर त्यस ठिटीलाई दिइयो। त्यसले त्यो आफ्नी आमाकहाँ ल्याई। १२ त्यसपछि यूहन्नाका चेलाहरू आएर उनको मृत शरीर लगेर गाड़े। अनि तिनीहरूले गएर येशूलाई खबर दिए। १३ जब येशूले यो सुन्नुभयो उहाँ डुङ्गामा चढ़ी त्यहाँबाट अलग्गै एउटा एकान्त ठाउँमा जानुभयो। यो सुनेपछि भीड़ले सहरहरूबाट पैदलै उहाँलाई पछ्यायो। १४ किनार पुगेर त्यस ठूलो भीड़लाई देखी उहाँले तिनीहरूलाई टिठ्याउनुभयो, र तिनीहरूका बिरामीहरूलाई निको पारिदिनुभयो। १५ साँझ परेपछि चेलाहरू यसो भन्दै उहाँकहाँ आए, "यो

निर्जन ठाउँ छ, र दिन ढलिसक्यो। भीड़लाई बिदा दिनुहोस्, र यिनीहरूले गाउँ-गाउँमा गएर आफ्ना लागि खानेकुरा किनून्।" १६ तर येशूले तिनीहरूलाई भन्नुभयो, "तिनीहरूलाई जानु आवश्यक छैन। तिमीहरूले नै यिनीहरूलाई खान देओ।" १७ तिनीहरूले उहाँलाई भने, "यहाँ हामीहरूसित पाँच रोटी र दुई माछा मात्र छन्।" १८ तब उहाँले भन्नुभयो, "ती मकहाँ ल्याओ।" १९ उहाँले भीड़लाई घाँसमा बस्ने आज्ञा दिनुभयो, र ती पाँच रोटी र दुई माछा लिएर स्वर्गतिर हेरी परमेश्वरलाई धन्यवाद दिनुभयो, र रोटीहरू भाँचेर चेलाहरूलाई दिनुभयो, र चेलाहरूले मानिसहरूलाई दिए। २० ती सबैले खाएर तृप्त भए, र उब्रेका टुक्राहरू तिनीहरूले बाह्र डालाभरि उठाए। २१ स्त्रीहरू र बालबालिकाहरूबाहेक खानेहरू प्रायः पाँच हजार पुरुषहरू थिए।"

त्यस वखत तपाईंले आफूलाई चेलाहरूको स्थानमा राख्नुहोस्। परमेश्वरको जन भनेर स्पष्टसँग स्वीकार गरिएको बप्तिस्मा दिने यूहन्नाले आफ्नो शिर भर्खर गुमाएका थिए। त्यो खबर येशूलाई चेलाहरू दिएका थिए। पदहरूमा उल्लेख नगरेतापनि चेलाहरू अत्यन्त निराश भएको हुनुपर्छ। तिनीहरूको बिश्वासलाई परिक्षामा पारिएको थियो भन्नेमा कुनै शङ्का छैन। तर येशूले गर्नुभएको अर्को कामले तिनीहरूको बिश्वासलाई बलियो पारेको हुनसक्छ।

तर पाँच हजारलाई ख्वाउनुभएको अर्थ अझ गहिरो छ। चेलाहरूमा हुनुपर्ने विश्वास बढोस् भनेर त्यो कथा घटाएकोमा शङ्का गर्ने ठाउँ छैन। तर येशूले यहूदीहरूलाई नै ख्वाउनुभएको कामले इस्राएलीहरूलाई मरुभूमिमा परमेश्वरले मन्ना ख्वाउनुभएको सम्झना सबैले गर्नुपर्छ भनेर देखाइएको छ। "निस्तार चाडको समयमा मसीह आउनुहुन्छ भनेर इस्राएलीहरूको परम्परामा बिश्वास गरिएको थियो। जब उहाँ आउनुहुन्छ तब मन्ना पनि वर्षिन सुरू हुन्छ भनेर तिनीहरूको लोक धारणा थियो। त्यसकारण जब येशूले निस्तार चाडभन्द पहिले पाँच हजारलाई ख्वाउनुभयो तब येशू नै मसीह हुनुहुन्छ कि र अरू महान् अचम्मको काम गर्नुहुनेछ कि भनेर यहूदीहरू चासो मान्दै अपेक्षा गरेका थिए। येशूले मन्ना वर्षाउनुभएर अब सबैलाई ख्वाउनुहुनेछ कि भने तिनीहरू हेरिरहेका थिए।"-योन पाउलिएन, जोनः द आबुन्दान्त लाइफ बाइबल आम्प्लिफायर (ब्वाइज, आइडाहोः पासिफिक प्रेस पब्लिशिङ्ग आसोशियशन, १९९५), पृ. १३९,१४०बाट रूपान्तरित।

खास त्यस्तै खालका मसीह मानिसहरूले चाहेका थिए। तिनीहरूको भौतिक आवश्यकताहरूलाई आपूर्ती गर्ने मसीहको अपेक्षा तिनीहरूले गरिरहेका

थिए। त्यस बखत हुलकाहुल मानिसहरूले येशूलाई राजा बनाउन तयार थिए। तर येशू राजा हुन आउनुभएको थिएन र उहाँको अस्वीकारले गर्दा मानिसहरू अत्यन्त निराश भएका थिए। तिनीहरूले येशूबाट धेरै धेरै अपेक्षाहरू गरेका थिए तर जब उहाँले त्यो परिपूर्ति गर्नभएन तब तिनीहरू उहाँबाट तर्किन थालेका थिए। उहाँले तिनीहरूको साँगुरो र संसारको आवश्यकतालाई पूरा गर्नेभन्दा बृहत योजना लिएर उहाँ आउनुभएको थियो भन्ने उहाँको लक्ष्यलाई तिनीहरूले बुझ्न सकेनन्।

तपाईं पनि इसाई भनेर दावी गर्नुहुन्छ, चर्चमा आउनुहुन्छ, तपाईंको आशा र अपेक्षा के के हुनसक्छन् जसले गर्दा तपाईं पनि मुक्तिको बृहत योजनाबाट खुम्चिन जान सक्नुहुन्छ?

## २. सारा सृष्टिका मालिक (मत्ती १४:२२-३३) ६५

अचम्म तरिकाले हजारौंलाई ख्वाउनुभएपछि येशूले चेलाहरूलाई डुङ्गामा जान आदेश गर्नुभयो (मत्ती १४:२२)। हुलका हुल मानिसहरूको दवाव र अन्यौलताबाट येशूले चेलाहरूलाई अलग गर्न चाहनुभएको थियो। कुनै पनि असल शिक्षकले आफ्ना विद्यार्थीहरूले सम्हाल्न नसक्ने पाठहरूबाट तिनीहरूलाई सुरक्षित राख्न चाहेको हुन्छ। एलेन जी ह्वाइटले लेख्नुहुन्छ, "डुङ्गामा बसेर कपर्नहुममा जान येशूले चेलाहरूलाई आज्ञा गर्नुहुन्छ। आफैंचाहीं मानिसहरू आआफ्ना घरहरूमा जान अऱ्हाउनुहुन्छ।...येशूलाई एक्लै छोड्न चेलाहरू मन पराएका थिएनन्। तर येशूले पहिला कहिल्यै नगरेको निर्देशन आधिकारिक तवरले त्यसबेला दिनुहुन्छ। येशूको निर्देशेन पालन नगर्नु उचित छैन भनेर ती चेलाहरूलाई महसुस भएको हुन्छ। त्यसकारण चुपचाप तिनीहरू डुङ्गा चढेर समुद्रतिर लाग्दछन्।" डिजाएर अभ एजेज, पृ. ३७८बाट रूपान्तरित।

येशू को हुनुहुन्छ र मुक्तीको स्वभाव के रहेछ भनेर मत्ती १४:२२-३३ले कसरी बताउँछ? हेर्नहोस् "२२ उहाँले भीड़लाई बिदा गर्नुहुँदा चेलाहरूलाई डुङ्गामा चढ़ी उहाँभन्दा पहिले पारिपट्टि जान लाउनुभयो। २३ भीड़लाई बिदा गरिसक्नुभएपछि उहाँ एकलै प्रार्थना गर्न डाँड़ामा उक्लनुभयो। साँझ पर्दा उहाँ एकलै त्यहाँ हुनुहुन्थ्यो। २४ तर डुङ्गा त्यति बेलासम्म किनारदेखि समुद्रमा धेरै टाढ़ा पुगिसकेको थियो। अनि हावा उल्टो बगेको हुनाले डुङ्गा छालको चपेटामा परेको थियो। २५ बिहान तीन बजेतिर उहाँ समुद्रमाथि हिंड्दै तिनीहरूकहाँ आउनुभयो। २६ जब चेलाहरूले उहाँलाई

समुद्रमाथि हिँड़िरहनुभएको देखे, तब डराएर तिनीहरूले भने, “यो त भूत हो!” र
तिनीहरू डरले चिच्च्याए। २७ तर येशूले झट्टै तिनीहरूलाई यसो भन्नुभयो,
“साहस गर, म नै हुँ, नडराओ।” २८ पत्रुसले उहाँलाई भने, “हे प्रभु, तपाईं नै
हुनुहुन्छ भने, मलाई तपाईंकहाँ पानीमाथि आउने आज्ञा दिनुहोस्।” २९ उहाँले
भन्नुभयो, “आऊ।” पत्रुस डुङ्गाबाट ओर्लेर येशूकहाँ जानलाई पानीमाथि हिँड्न
लागे। ३० तर बतास जोड़ले चलेको देखेर तिनी डराए, र जब डुब्नै लागे तब
तिनले चिच्च्याएर भने, “हे प्रभु, मलाई बचाउनुहोस्।” ३१ तब येशूले झट्टै हात
पसारेर तिनलाई समातिहाल्नुभयो, र तिनलाई भन्नुभयो, “ए अल्पविश्वासी, किन
शङ्का गर्‍यौ?” ३२ जब उहाँहरू डुङ्गामा पस्नुभयो तब बतास थामियो। ३३
डुङ्गामा हुनेहरूले उहाँलाई दण्डवत् गरे, र भने, “साँच्चै तपाईं परमेश्वरका पुत्र
हुनुहुन्छ।”

**चेलाहरूले कोही व्यक्ति पानीमा हिँडिरहेको देख्दा तिनीहरूको सातोपुल्टो उड्छ र अचम्मको कुरो हुन्छ। येशूले तिनीहरूलाई भन्नुहुन्छ, "म उहीँ हुँ। तिमीहरू नडराऊ।" (मत्ती १४:२७ रूपान्तरित)। ग्रीक भाषाबाट अनुवाद गरिएको "म उहीँ हुँ"लाई "म हुँ" (इगो इमी ego eimi) भनेर पनि अनुवाद गरिन्छ। त्यो परमेश्वरको आफ्नै नाउँ पनि हो। (प्रस्थान ३:१४ पढ्नुहोस्)।**

**परमेश्वरले नै सबै प्रकृतिलाई सम्हाल्नु हुन्छ भनेर बाइबलले बारम्बार खुलासा गरिएको छ। उदाहरणमा, परमेश्वर दुवै सृष्टिकर्ता र जीवनदाता हुनुहुन्छ भनेर भजन १०४मा स्पष्टसँग देखाएको छ। उहाँकै शक्तिले यस संसार चलिरहेको छ र प्रकृतिको संरचना नियमितसाथ चलिरहेको छ। भगवानले यस संसारलाई सृष्टि गरिसकेपछि छोडेर अन्तै गयो वा यस संसार स्वचालित रूपमा चल्न दिइ आफू त्यसबाट अलग रह्यो भन्ने धारणा बाइबलमा कहीं पनि उल्लेख गरिएको छैन। मानिसहरूलाई सृष्टि गरेपछि तिनीहरूको जीवनमा परमेश्वरले चासो राख्नुहुन्न भनेर पनि बाइबलले सिकाउँदैन। चाहे यहूदी होस् वा गैर-यहूदी अर्थात् अन्य जाति होस्, हामी सबैको जीवन चलाउने शक्ति त्यही परमेश्वरबाट आइरहेको हुन्छ जसले समुद्रलाई शान्त पार्नुभयो (हिब्रू १:३ पढ्नुहोस्)।**

**पत्रुसको क्रन्धन "मलाई बचाउनुहोस्!" (मत्ती १४:३० रूपान्तरित) भन्ने क्रन्धन हाम्रो पनि हुनुपर्छ। यदि प्रभु येशूले हामीलाई बचाउनुहुन्न भने कसले हामीलाई बचाउँछ त? पत्रुसको कमजोर वा निःसहाय जस्तो परिस्थिति हामीहरूको पनि हो।**

तपाईंले नियन्त्रण गर्न नसक्ने परिस्थितिमा तपाईं पुग्दा तपाईं कस्तो असहाय भएको तपाईंले कहिलै महसुस गर्नुभएको छ? येशूमाथि पूर्णरूपमा भरपरेर आफू बलियो हुनुपर्छ भनेर त्यस अवस्थाले तपाईंलाई कसरी सिकाउँछ?

## ३. पाखण्डी वा देखावटी धर्मात्माको हृदय (मत्ती १५:१-२०)

"१३ परमप्रभुले यसो भन्नुहुन्छ, "यी मानिसहरू मुख देखाउन मेरो नजिक आउँछन् र ओठले मेरो आदर गर्छन्, तर तिनीहरूको हृदय भने मदेखि टाढ़ा छ। तिनीहरूको आराधना मेरो निम्ति अर्थहिन छ। मप्रतिको तिनीहरूको आराधना केवल मानिसहरूले सिकाएका विधिहरू हुन्।" (यशैया २९:१३ रूपान्तरित)। पुरानो करारमा आफूले चुनेका इस्राएलीहरूको बारेमा परमेश्वरले आफ्नो भावना व्यक्त गरिरहनुभएको थियो। तर वर्तमान परिप्रेक्ष्यमा, त्यो सम्बोधनमा चर्चको निम्ति त्यहाँ के सन्देश छ त? के दुई मुल बिषयबस्तुहरूलाई औंल्याउँदै इस्राएललाई परमेश्वरले चेतावनी दिनुभएको थियो? त्यही कुराहरू हामी पनि नदोहो-याऔं भनेर कसरी सतर्क बस्ने?

**अगमवक्ता यशैयाले ती शब्दहरू लेखेको सयौं वर्षपछि येशूले त्यसैलाई उदृध गर्दै उहाँसँग बादविवाद गर्ने यहूदी धार्मिक अगुवाहरूलाई सम्बोधन गर्नुभएको थियो।**

येशूले कुन् महत्त्वपूर्ण विषयवस्तुलाई सम्बोधन गर्दै त्यसप्रति आफ्नो धारणा व्यक्त गर्नुभएको थियो भनेर मत्ती १५:१२०मा पढ्नुहोस्: "१ यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू येशूकहाँ आए, र भने, २ "तपाईंका चेलाहरूले पुर्खाहरूको परम्परा किन भङ्ग गर्दछन्? किनकि तिनीहरू खान अघि आफ्ना हात धुँदैनन्।" ३ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू पनि किन आफ्ना परम्पराको खातिर परमेश्वरका आज्ञा भङ्ग गर्दछौ? ४ किनभने परमेश्वरले भन्नुभएको छ, 'आफ्ना बुबा र आमाको आदर गर, र बुबा वा आमाको विरुद्धमा दुष्ट कुरा जसले बोल्छ, त्योचाहिँ निश्चय मारिनुपर्छ। ५ तर तिमीहरूचाहिँ भन्दछौ, जसले आफ्ना बुबा वा आमालाई भन्छ, 'तपाईंले मबाट जे प्राप्त गर्न सक्नुहुन्थ्यो, सो परमेश्वरलाई चढ़ाइएको छ,' त्यसले आफ्ना बाबुको आदर गर्नुपर्दैन। ६ यसरी तिमीहरूले आफ्नो परम्पराको खातिर परमेश्वरको वचनलाई बेकम्मा गराएका छौ। ७ ढोंगी हो, यशैयाले तिमीहरूका विषयमा ठीकै अगमवाणी बोले, ८ 'यस जातिले मलाई ओठले मात्र आदर गर्छ,

तर तिनीहरूको हृदय मबाट टाढ़ा छ। ९ तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्'।" १० उहाँले मानिसहरूलाई आफूकहाँ बोलाउनुभयो र तिनीहरूलाई भन्नुभयो, "सुन र बुझ। ११ जे मुखभित्र पस्तछ, त्यसले मानिसलाई अशुद्ध पार्दैन। तर जे मुखबाट बाहिर निस्कन्छ, त्यसैले मानिसलाई अशुद्ध पार्छ।" १२ यसपछि चेलाहरू आएर उहाँलाई भने, "के तपाईंलाई थाहा छ, फरिसीहरू तपाईंका कुरा सुनेर चिढ़िएका छन्?" १३ तर उहाँले भन्नुभयो, "स्वर्गमा हुनुहुने मेरा पिताले नरोप्नुभएको हरेक बोट उखेलिनेछ। १४ तिनीहरूलाई छोडिदेओ, ती अन्धा अगुवाहरू हुन्। अन्धाले अन्धालाई डोऱ्यायो भने, ती दुवै खाल्डोमा पर्नेछन्।"

१५ पत्रुसले उहाँलाई भने, "हामीलाई यस दृष्टान्तको अर्थ बताइदिनुहोस्।"

१६ उहाँले भन्नुभयो, "के तिमीहरू पनि अझै अबुझ छौ? १७ के तिमीहरूलाई थाहा छैन, जे मुखभित्र पस्छ त्यो पेटमा गइहाल्छ, र बाहिर निस्किहाल्छ? १८ तर जुन कुराहरू मुखबाट बाहिर आउँछन्, ती हृदयबाट निस्कन्छन्, र तिनैले मानिसलाई अशुद्ध तुल्याउँछन्। १९ किनकि हृदयबाट नै खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी, झूटो गवाही र निन्दा बाहिर निस्कन्छन्। २० यी कुराहरूले चाहिँ मान्छेलाई अशुद्ध पार्छन्। तर हात नधोई खानाले उसलाई अशुद्ध पार्दैन।"

**कपर्नुनमा फर्कनुभएको केही समयपछि मानिसलाई केले अशुद्ध पार्छ भन्ने बिवादमा यहूदी पण्डितहरूसँग येशू फस्नुभएको थियो। आफ्नो शरीरलाई सफा वा शुद्ध राख्न यहूदी धर्मगुरूहरूले धेरै रितिथितिहरूको सृजना गरेका थिए। शरीरलाई सफा राख्न हात धुँदा विशेष तरिकाले धुनुपर्थ्यो। तर येशूका चेलाहरूले ती परम्परालाई वास्ता गरेका थिएनन्। जब तिनीहरूले परम्परा तोडेको देखेपछि त्यसप्रति आपत्ती जनाउँदै येशूसँग यहूदी धर्मका शास्त्रीहरू र फरिसी गुरूहरूले ती चेलाहरूको बिरोध गरेका थिए। ती पण्डितहरू केवल ओठे पुजकहरूमात्र हुन् भनेर तिनीहरूको भन्डाफोर गरि तिनीहरूको बिरोधको सामना येशूले गर्नुभएको थियो।**

**संक्षेप्तमा, प्रत्येक मानिसलाई सजिलैसँग धरापमा पार्ने प्रवृत्तिको घोर आलोचना येशूले गर्नुभएको हामीले यहाँ पाउँछौं: त्यो हो पाखण्डिपना वा धर्मको खोलचाहीं ओढ्ने तर त्यसको शक्तिलाई अस्वीकार गर्ने। यो प्रवृत्तिबाट शायद कोही मानिस उम्केको छैन होला। कतिपय समयमा हामीले अरूले गरेको क्रियाकलापमा हामी आलोचना गर्दछौं तर कुनै न कुनै तवरले हामी त्यही काम**

**गरिरहेका हुन्छौं। कतिपय समयमा हामी अरू सबैको गलत वा त्रुतीलाई औंल्याउन निको मान्छौं जब हामीहरूको आफ्नै गलत बानीप्रति आँखा चिम्लन्छौं। त्यसकारण पाखण्डी हुनु हामी सबै मानिसको स्वभाव हो भन्नुमा कसको आपत्ती होला?**

अरूहरूको पाखण्डीपनालाई हामी सबै घृणा गर्छौं। अरूको पाखण्डीपनालाई हामी सधैं सजिलैसँग हेर्नसक्छौं। तर अरूको पाखण्डीपनालाई हेर्ने हामीहरूको खुबीले हामीहरूमा भएको पाखण्डीपनाको उदाहरण नहोस् भनेर कसरी सतर्क हुने?

## ४. टेबुलबाट खसेका रोटीका टुक्राटाक्रहरू (मत्ती १५:२१-२८)

**हजारौंलाई ख्वाइसक्नुभएपछि, कतिलाई निको पार्नुभएपछि र आफ्नै यहूदी जनहरूलाई प्रचारप्रसार गरेपछि येशूले एक अनौठो तथा चेलाहरूले अपेक्षा नगरेको निर्णय गर्नुहुन्छ। उहाँ यहूदीहरूको क्षेत्रबाट बाहिर गएर गैर-यहूदी अर्थात् अन्य जातिकहाँ (यहूदीले म्लेच्छ वा अछुत ठानेका) चेलाहरूसहित जानुहुन्छ।**

मत्ती १५:२१-२८मा उल्लेखित कथालाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्: "२१ तब येशू त्यहाँबाट निस्कनुभयो, र टुरोस र सीदोनका इलाकातिर जानुभयो। २२ त्यस इलाकाबाट एउटी कनानी स्त्री आएर कराउँदै भन्न लागी, “हे प्रभु, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्। मेरी छोरीलाई भूतले साह्रै सताएको छ।”

२३ येशूले त्यसलाई केही जवाफ दिनुभएन। उहाँका चेलाहरूले आएर उहाँलाई बिन्ती गरे, “यसलाई बिदा गर्नुहोस्, किनभने त्यो कराउँदै हाम्रो पछि लागिरहिछे।” २४ उहाँले भन्नुभयो, “म इस्राएल जातिका हराएका भेड़ाहरूका निम्ति मात्र पठाइएको हुँ।” २५ तर त्यो स्त्री आएर उहाँको अघि घोप्टो परी र भनी, “हे प्रभु, मलाई सहायता गर्नुहोस्।” २६ उहाँले भन्नुभयो, “बालकहरूको रोटी लिएर कुकुरहरूलाई फालिदिनु ठीक हुँदैन।” २७ त्यसले भनी, “हो प्रभु, तर कुकुरहरूले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन्।” २८ तब येशूले त्यसलाई जवाफ दिनुभयो, “ए नारी, तिम्रो विश्वास ठूलो रहेछ। तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस्।” त्यसकी छोरी त्यही घड़ी निको भइहाली।"

बिभिन्न परिप्रेक्ष्यमा हेर्दा एक बिदेशी महिला र येशूको बीचमा घटेको कथा पढ्न र बुझ्न सजिलो देखिन्दैन। बाइबलको कथामा उल्लेखित मानिसहरूको स्वरहरू र अनुहारहरू प्रत्यक्ष्यरूपमा हामीले देख्न नसकेको कारणले पनि हामीले बुझ्न नसकेको हो। सुरूमा त्यस अन्यजाति आमाको अनुरोधलाई येशूले सुनेको नसुन्यै गरेको जस्तो देखिन्छ। जब उहाँले उनिसँग कुरै गर्नुहुन्छ तब उहाँको बोली अत्यन्त खस्रो र अशिष्ट भएको देखिन्छः "छोराछोरीहरूलाई ख्वाउने रोटीलाई तिनीहरूको कुकुरहरूको अगाडि फ्याँक्नु उचित छैन" (मत्ती १५:२६ रूपान्तरित)।

येशूले दिनुभएको त्यस तत्काल जवाफको नीतिमा तपाईं हिँड्नु थाल्नुभयो पनि के हुन्छ होला? तपाईंले खाइरहनुभएको कुनै खाजालाई कसैले केही अंश माग्दा "मेरो खाजालाई कुकुरहरूकहाँ फ्याँक्नु उचित छैन।" के त्यस्तो नीतिले हामीले साथी बनाउन सक्छौं र?

यद्यपि, येशूको त्यस प्रतिक्रियाको बारेमा केही सोच्नु जरुरी छ। प्रथमतः यहूदीहरूले आफूभन्दा अरू जातिहरूलाई कुकुर ठान्ने गरेको हुनाले येशू त्यसबखत यहूदीहरूको आवाज भएर बोल्नुभएकोले अचम्म मान्नु नपर्ने देखिन्छ। भुस्याहा कुकुरहरू सडकमा डगुरिरहेको पनि सोच्न सक्दछौं। तर एउटा कुरो बुझ्नु जरुरी छ, त्यो हो उहाँले ग्रीक शब्दमा प्रयोग गर्नुभएको कुक्कुर शब्दमा स्नेह जोडिएको थियो अर्थात् छाउरा भनेर उहाँले सम्बोधन गर्नुभएको थियो। येशूले सम्बोधन गर्नुभएका कुकुरहरू घर पालुवा कुकुरहरू भएको र टेबुलबाट खसेका खाने कुराहरू खाने बानी भएका कुकुरहरू हुन् भनेर सोच्नु उचित देखिन्छ।

दोस्रोमा, त्यस कनानी स्त्रीले येशूलाई "दाउदको पुत्र" भनेर सम्बोधन गर्छिन्। येशू यहूदी हुनुहुन्थ्यो भनेर उनलाई थाहा थियो जुन् उनले उहाँलाई गरेको सम्बोधनबाट देखाउँछ। असल शिक्षकले जस्तै उहाँले उनिसँग बोलेको हुनुपर्छ वा उनलाई जाँचेको हुनुपर्छ। क्रेग किनर भन्ने एक जना इसाई लेखकले यसरी व्यक्त गर्दछन्: "उहाँको सही लक्ष्य के हो भनेर येशूले उनलाई बुझाउन खोजेको हुनसक्छ। शायद येशूको बारेमा उनले यो सोचेकी होलान् कि उहाँ कुनै चमत्कार वा टुनामुना गर्ने व्यक्तिहरूमा एक हुनुहुन्छ जसमाथि भूतहरू धपाउन अन्य जातिहरू कहिलेकाहीं भर पर्छन्। परमेश्वरको मुक्तिको योजना कतिको महत्त्व छ भनेर उनले महसुस गरुन् भनेर येशूले चाहनुभएको पनि

हुनसक्छ। त्यस महसुसले उनलाई परमेश्वरको आवश्यकता उनिमाथि कतिको छ भनेर स्वीकार गर्न सहयोग हुन्थ्यो। उपरोक्त कथा एलिशाले नेमानलाई यर्दन नदीमा सात पल्ट डुबुल्की मार्नु भनेको जस्तै हो जब आफ्नै देशका आर्मियन सफा नदीहरू अबना र फर्पारहरू थिए। तर नेमानले यर्दनमा डुबुल्की मार्नुपर्ने जाँचले उनलाई इस्राएलको परमेश्वर र त्यस देशको पवित्र भूमीलाई उनले चिनुन् भन्ने एलिशाको चाहना थियो (२ राजा ५:१७ रूपान्तरित)"-गस्पल अभ माथ्युज्ः ए सोशिएल-रिटोरिकल कमेन्टरी, पृ. ४१७बाट रूपान्तरित।

अन्तमा ती स्त्री ग्रीक जातको ठूलो खान्दानको हुनसक्छीन् जो टाएर क्षेत्रमा रहेका गरिब यहूदीहरूलाई खानेकुराहरू बाँड्न जान्थिन्।...अब...आत्मिक जगतमा यहूदी र अन्यजातिको बीचमा कसको बाहुल्यता छ भनेर ती स्त्रीले थाहा पाउन् भनेर येशूले चाहनुभएको थियो। जुन् "रोटी" येशूले दिन चाहनुभएको थियो त्यो प्रथमतः इस्राएल वा यहूदीको हो भनेर ती स्त्रीले सोच्नु आवश्यकता थियो।...त्यसकारण घुमफिर गर्ने यहूदीबाट पाउने सहायता त्यस स्त्रीले उहाँसँग माग्नै पर्थ्यो।"- *गस्पल अभ माथ्युज्ः ए सोशिएल-रिटोरिकल कमेन्टरी,* पृ. ४१७बाट रूपान्तरित।

त्यस कथामा येशूले व्यक्त गर्नुभएको भनाईलाई बुझ्न त्यति सजिलो छैन। तर हामीले येशूमाथि विश्वास र भरोसा राख्नु जरुरी छ। त्यस स्त्रीसँग येशूले बाताचित गर्नुको अर्थ उहाँले त्यस स्त्रीको सम्मान् गर्नुभएको देखिन्छ। याकूबको इनारमा पानी लिन आएकी महिलासँग पनि उहाँले कुराकानी गर्दा उहाँले तिनलाई आदर गर्नुभएको देखाएको थियो। त्यस कनानी आमाले आफ्नी छोरोको रोग निको हुनेछ भनेर थाहा पाएपछि उनि घर जान्छिन्। दाउदको पुत्रप्रति उनको आस्था पनि झन बलियो पार्दै उनि आफ्नो बाटो लाग्छिन्।

## ५. अन्य जाति वा गैर-यहूदीहरूको प्रभु (मत्ती १५:२९-३९) ६८

मत्ती १५:२९-३९ र मत्ती १४:१३-२१मा दुई कथाहरू छन्। तिनीहरू एकै जस्तो भएतापनि तिनीहरूमा केही भिन्नता छ, त्यो भिन्नता के हो? हेर्नुहोस्ः मत्ती १५:२९-३९ "२९ येशू त्यहाँबाट निस्केर गालील समुद्रको किनार भएर जानुभयो, र पहाड़माथि उक्लेर त्यहाँ बस्नुभयो। ३० तब ठूला-ठूला भीड उहाँकहाँ आए, र तिनीहरूले साथमा ल्याएका लङ्गड़ा, लुला, अन्धा, गूँगा र अरू धेरैलाई उहाँका चरणमा राखिदिए, अनि उहाँले तिनीहरूलाई निको पारिदिनुभयो, ३१ यहाँसम्म कि, गूँगाहरू बोलेका, लुलाहरू निको भएका, लङ्गड़ा

हिँड़का, र अन्धाहरूका आँखा खोलिएका देखेर मानिसहरू छक्क परे, र तिनीहरूले इस्राएलका परमेश्वरको महिमा गरे। ३२ तब येशूले आफ्ना चेलाहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "म यस भीड़लाई टिठ्याउँछु, किनभने यिनीहरू मसँग रहेका आज तीन दिन भयो, अनि यिनीहरूसित खानलाई केही छैन। यिनीहरूलाई भोकै पठाउन म चाहन्नँ। नत्रता तिनीहरू बाटोमा लखतरान होलान्।" ३३ चेलाहरूले उहाँलाई भने, "यस्तो ठूलो भीड़लाई यस निर्जन ठाउँमा खुवाउनु हामीले कहाँबाट यति धेरै रोटी पाउने? ३४ येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसित कति वटा रोटी छन्?" तिनीहरूले भने, "सात वटा रोटी र केही स-साना माछा छन्।" ३५ उहाँले भीड़लाई भूइँमा बस्ने आज्ञा दिनुभयो। ३६ उहाँले ती सात रोटी र माछा लिएर धन्यवाद चढ़ाउनुभएपछि भाँचेर चेलाहरूलाई दिनुभयो, अनि चेलाहरूले मानिसहरूलाई दिए। ३७ तिनीहरू सबैले खाए र तृप्त भए। र उब्रेका टुक्राहरू तिनीहरूले सात डालाभरि उठाए। ३८ स्त्रीहरू र केटाकेटीहरूबाहेक खानेहरू चार हजार पुरुषहरू थिए। ३९ तब भीड़लाई बिदा गरिसकेपछि उहाँ डुङ्गामा चढ्नुभयो, र मगादानको इलाकातिर जानुभयो।" र मत्ती १४:१३-२१ "१३ जब येशूले यो सुन्नुभयो उहाँ डुङ्गामा चढ़ी त्यहाँबाट अलग्गै एउटा एकान्त ठाउँमा जानुभयो। यो सुनेपछि भीड़ले सहरहरूबाट पैदलै उहाँलाई पछ्यायो। १४ किनार पुगेर त्यस ठूलो भीड़लाई देखी उहाँले तिनीहरूलाई टिठ्याउनुभयो, र तिनीहरूका बिरामीहरूलाई निको पारिदिनुभयो। १५ साँझ परेपछि चेलाहरू यसो भन्दै उहाँकहाँ आए, "यो निर्जन ठाउँ छ, र दिन ढलिसक्यो। भीड़लाई बिदा दिनुहोस्, र यिनीहरूले गाउँ-गाउँमा गएर आफ्ना लागि खानेकुरा किनून्।" १६ तर येशूले तिनीहरूलाई भन्नुभयो, "तिनीहरूलाई जानु आवश्यक छैन। तिमीहरूले नै यिनीहरूलाई खान देओ।"

१७ तिनीहरूले उहाँलाई भने, "यहाँ हामीहरूसित पाँच रोटी र दुई माछा मात्र छन्।" १८ तब उहाँले भन्नुभयो, "ती मकहाँ ल्याओ।" १९ उहाँले भीड़लाई घाँसमा बस्ने आज्ञा दिनुभयो, र ती पाँच रोटी र दुई माछा लिएर स्वर्गतिर हेरी परमेश्वरलाई धन्यवाद दिनुभयो, र रोटीहरू भाँचेर चेलाहरूलाई दिनुभयो, र चेलाहरूले मानिसहरूलाई दिए। २० ती सबैले खाएर तृप्त भए, र उब्रेका टुक्राहरू तिनीहरूले बाह्र डालाभरि उठाए। २१ स्त्रीहरू र केटाकेटीहरूबाहेक खानेहरू प्रायः पाँच हजार पुरुषहरू थिए।"

येशूले मानिसहरूका भिँडलाई दुई पल्ट खाना ख्वाउनुभएको थियो भनेर धेरैलाई थाहा नहुनसक्छः पहिला उहाँले यहूदीहरूलाई ख्वाउनुभयो भने दोस्रोपल्ट गैर-यहूदी वा अन्य जातिहरूलाई। दुवै मामिलाहरूमा येशूले मानिसहरूलाई करुणा वा दया देखाउनुभएको थियो।

त्यो चित्र कस्तो गजबको छ, सोच्नुहोस्! हजारौं अन्य जातिहरू युवा यहूदी गुरू वा रब्बीबाट शिक्षा लिन, माया पाउन र खान खान आएका थिए। यो कथा पढ्ने संसारका प्रायजसो सबै मानिसहरू यहूदी हुँदैनन्। त्यसकारण दुवै यहूदी र गैर-यहूदीहरूलाई त्यस अचम्मको र विश्वासै गर्न नसकिने काम भएको घट्नाको सार बुझ्न हामी सजिलैसँग चुक्न सक्दछौं। तर येशूले प्रत्येक व्यक्तिलाई उहाँको मायाको पोकोमा बाँड्न चाहनुभएको ती कथाहरूले स्पष्टसँग देखाउँछ।

यस संसारका सारा मानिसहरूलाई उहाँको काखमा ल्याउने परमेश्वरको बृहत योजनाको उद्देष्य थियो भनेर बाइबलले बताउँदछ। यो अवधारणाको सत्यलाई हिब्रू बाइबलमा उल्लेखित गरिएको एउटा धक्का दिने पदले यसरी खुलाएको छः "तिमी इस्राएलीहरू मेरो निम्ति कुशका मानिसहरू जस्तै छौ। मैले इस्राएलीहरूलाई इजिप्ट वा मिश्रदेशबाट ल्याएँ। मैले फिलिस्टीहरूलाई क्रिटबाट ल्याएँ र आर्मियनहरूलाई किरबाट ल्याएँ।" परमप्रभु परमेश्वर भन्नुहुन्छ।" (आमोस ९:७ रूपान्तरित)।

परमेश्वरले यहाँ के बताइरहनुभएको छ? उहाँ केवल यहूदी जातिहरूको मामिलामा मात्र चासो देखाउनुहुन्छ भनिएको छैन तर सारा मानिसहरूको, होइन त? के उहाँ फिलिस्टीहरूको पनि चासो लिनुहुन्छ र? हो, फेरि भन्दा, हो। हामीले केलाएर पुरानो करार बाइबल पढ्यौं भने परमेश्वरले कुनै पनि जातिलाई आफ्नो छत्रछायाँबाट अलग राख्न नचाहेको हामी पाउँछौं। तर परमेश्वरको त्यो चाहना इस्राएलीहरूको रहनसहनमा यस्तरी हराइसकेको थियो कि जब नयाँ करारको चर्चको स्थपना भयो तब सुरूका विश्वासीहरूले बाइबलको त्यस मौलिक सत्यलाई फेरि सिक्नुपरेको थियो।

सुसमाचार कुनै स्थानीय क्षेत्र, देश वा जातको निम्तिमात्र होइन तर यस संसारमा जहाँसुकै जन्मे पनि वा जोसुकै भएतापनि सबैको निम्ति हो भनेर रोमी ४:१-१२ले कसरी बताउँछ, हेर्नुहोस् "१ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको

अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? “अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।” ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्दछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। ६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ “तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न।” ९ के यो आशीर्वाद खतनावालहरूका निम्ति मात्र हो? कि बेखतनावालहरूका निम्ति पनि हो? अब्राहामको निम्ति त उनको विश्वास नै धार्मिकता गनिएको थियो भनी हामी भन्दछौं। १० तब कसरी यो उनको निम्ति धार्मिकता गनियो? उनको खतना हुनभन्दा अघि वा पछि? उनको खतना भइसकेपछि होइन, तर अघि। ११ खतना नहुँदै विश्वासद्वारा पाउने धार्मिकताको चिन्ह वा छाप स्वरूप उनले खतना पाएका थिए। खतनाविनै विश्वास गरेर धर्मी गनिएका सबैका उनि पिता होऊन् भन्ने उद्देश्यले यो भएको हो। १२ उनि ती खतनावालहरूका पनि पिता हुन्, जसका खतना भएको मात्र होइन, तर जसले विश्वासको त्यही नमूनालाई पछ्याउँछन्, जुन विश्वास खतना हुन अघि हाम्रा पिता अब्राहाममा थियो।"

## उपसंहारः

**एक जना इसाईले धर्मनिरपेक्ष विश्वविद्यालयमा परमेश्वरको बारेमा बोलिरहेको थियो। परमेश्वरको अस्तित्वको बारेमा सबै तर्कहरू प्रस्तुत गरेपछि उसले अर्को फरक तर्क प्रस्तुत गर्‍यो। उसले भन्यो, "तपाईंलाई थाहा छ, म जब तपाईंहरूको जस्तो उमेरमा थिएँ मैले परमेश्वरमाथि विश्वास गरेको थिइन। कहिले कहिले कुनै न कुनै प्रकारले मलाई झस्स थाहा दिलाउँथ्यो कि शायद परमेश्वर हुनुहुन्छ। तर मैले जहिले पनि परमेश्वर हुनुहुन्छ भन्ने सोचलाई मेरो मगजबाट हटाइरहन्थैं। किन त? किनभने भित्री विवेकमा मलाई यो घचघाइरहेको थियो कि यदि परमेश्वर हुनुहुन्छ भने म अत्यन्त गहिरो समस्यामा परिरहेको छु भनेर मैले स्वीकार्नु पर्ने हुन्छ, किनभने म कस्को खालको जीवनमा लागिरहेको छु त्यसमा आमूल परिवर्तन ल्याउनुपर्ने आवश्यक हुन्छ।" त्यो भन्ने बित्तिकै सबैको अनुहारमा परिवर्तन आयो। दर्जनौं बिद्यार्थीले मुखामुख गरे र**

तिनीहरूको विवेकहरूलाई घचघच्याइरहेको महसुस गरे। असजिलो लागिरहेको अनुहारहरूमा सनसनी प्रसङ्गले हान्न थालेपछि त्यो कोठाको तापक्रममै बढि तात्न थालेको जस्तो भयो। ती इसाईले ती विद्यार्थीहरूको मगजैमा हानेका थिए। शायद ती विद्यार्थीहरू, इसाई नै नभएतापनि, तिनीहरूलाई दश आज्ञाहरूको बारेमा थाहा थियो यद्यपि तिनीहरूको जीवनशैली केही हदसम्म ठिक थिएन भनेर तिनीहरूलाई थाहा थियो। यदि परमेश्वर हुनुहुन्छ भने तिनीहरूले उहाँको सामु धेरै उत्तर दिनुपर्ने हुन्छ भनेर तिनीहरूलाई थाहा हुन गएको थियो। तर यदि हामीहरूले परमेश्वरलाई विश्वास गर्छौं भने त्यस्ता प्रश्नहरूले हामीहरूलाई असजिलो पार्न हुँदैन। किनभने हामीहरूलाई सुसमाचारमा परमेश्वरले कबुल गर्नुभएको छ। चाहे हामी यहूदी होऔं, गैर यहूदी होऔं, जब पापी स्वभावले हामीहरूलाई पिरोल्छ हामी विश्वासद्वारा ख्रीष्टले उपलब्ध गराउनुभएको धार्मिकतामा सुरक्षित हुनसक्छौं। पावलले भन्छन्, "किनभने तिनीहरूमा विश्वास छ र व्यवस्थालाई पालन गरेर धर्मी हुनुपर्छ भनेर ठोकुवा गरिरहनुपर्दैन" (रोमी ३:२८ रूपान्तरित)। जब हामी पापमा परिरहेका छौं भनेर महसुस गर्दछौं तब हामीलाई दिएको यो प्रतिज्ञाको दावी गर्न सक्छौं, "जो ख्रीष्टमा रहन्छ त्यो परमेश्वरले ठहऱ्याउनुभएको अपराधमा गनिन्दैन। अब मलाई पवित्र आत्माको व्यवस्थाले बसमा राखिएको छ।" (रोमी ८:१,२ रूपान्तरित)। चाहे यहूदी होस् चाहे गैर-यहूदी वा अन्य जाति होस्, त्यसको केही पर्वाह छैन। "हामीहरू जुनसुकै वर्षका भएतापनि, समाजमा हामीहरूको स्थान जुनसुकै भएतापनि, हामीहरू जुनसुकै जात वा वर्णका भएतापनि, हामीहरू जुनसुकै धर्मका भएतापनि वा प्रतिष्ठामा रहेर सहुलियत पाएतापनि, हामी सबैलाई येशूले बोलाउनु हुन्छ र अर्थमूलक जीवन बिताउन आमन्त्रण गर्नुहुन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ४०३बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. मत्ती १६:१-१२मा फरिसी र सदुकीहरूको अखमिरी वा सोडादेखि सतर्क होऊ" भनेर येशूले भन्नुभएको अर्थ के हो? येशूले साँच्चिकै अखमिरी वा सोडा अर्थात् पिठोलाई फुलाउने तत्वको बारेमा चर्चा गर्नुभएको थियो भनेर चेलाहरूले पहिले ठानेका थिए। निस्तार चाडको समयमा अखमिरी वा सोडालाई प्रयोग नगर्न यहूदीहरू सतर्क हुन्थे। त्यसकारण

अखमिरी वा सोडाले नफुलाएको रोटी किन्न येशूले अऱ्हाइरहनुभएको थियो भनेर चेलाहरूको मनमा परेको थियो। तर येशूको दिमागमा त्यो भन्दा कुनै गहिरो कुरो थियो। त्यो के हो त? मत्तीका ती पदहरू पढेर निश्कर्ष निकाल्नुहोस्।

आ. यदि कोही व्यक्ति म इसाई हुँ भनेर दावी गर्छ भने अरू कुनै वादविवादमा नफसी येशूको प्रेमको संचार गर्न उनले पहिलो प्राथमिकता दिनुपर्छ। उनको जीवनको लक्ष्य नै येशूको सन्देश सुनाउनु हुनुपर्छ। हामी सबै पापीहरू हौं र पापसँग संघर्ष गरिरहेका छौं। हामी इसाई नै भएतापनि हामी अरू भन्दा धर्मात्मा, पवित्र वा चोखो छौं भनेर फुल्नु मनासिव हुँदैन। येशूको परिधिभन्दा बाहिर हामी कसैले पनि आशा पाएर अर्थमूलक जीवन यापन गर्न सक्छौं भनेर विश्वस्त हुन सक्दैनौं। तर दुर्भाग्यवस कतिप समयमा जनसमूहको बीचमा हामीले गलत सन्देश दिइरहेको पाउँछौं। त्यो हो, न्यायको सन्देश वा आफू अरूभन्दा धर्मात्मा छौं भनेर अरूलाई प्रभावित पार्न खोजिरहेका हुन्छौं। हामीहरूको जीवनमा येशूको नेतृत्वलाई स्वीकार्दै हामी सबै गरिमामय एडभेन्टिस्ट चर्चका विश्वासी हौं भनेर जनसमूहमा येशूको प्रेम, स्नेह र करूणालाई अझ राम्रोसँग देखाउन कसरी प्रयत्न गर्ने?